बागमती प्रदेश सरकार

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय रसुवा

धुन्चे, नेपाल

पत्र संख्याः २०८३/०८४

चलानी नम्बरः

मितिः २०८३/०४/२१

**सामुदायिक वन उपभोक्ता समूहहरुले स्थायी लेखा नम्बर (PAN) मा दर्ता तथा नवीकरण सम्बन्धी सूचना।**

उपर्युक्त सम्बन्धमा नेपाल सरकारले आर्थिक ऐन, २०८३ मार्फत विगतमा कर लाग्ने आर्थिक कारोबार गर्दै आएका तर स्थायी लेखा नम्बर (PAN) नलिएका र लिएर पनि आय विवरण नबुझाएका व्यक्तिका लागि विभिन्न छुटको व्यवस्था गरेको र सो ऐनको दफा ४० मा कुनै व्यक्तिले विगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गरी आयकर दाखिला नगरेको भएमा त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आ. व. २०७९/०८० देखि २०८२/०८३ सम्मको आय विवरण संवत् २०८३ साल पुष मसान्त सम्ममा दाखिला गरि सो बमोजिम लाग्ने कर दाखिला गरेमा सोमा लाग्ने शुल्क तथा व्याज रकम मिनाहा हुनेछ र सो भन्दा अगाडिको आय वर्षहरूको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा व्याज बुझाउनु पर्ने छैन साथै विगतमा स्थायी लेखा नम्बर लिई करको दायरामा आइसकेका तर कुनै आयआर्जन वा कारोबार नगरेका करदाताले आ. व. २०८१/०८२ वा सो भन्दा अघिदेखिको आय विवरण दाखिला नगरेको भए त्यस्ता व्यक्तिले कारोबार सञ्चालन गरी सक्रिय हुन चाहेमा आ. व. २०८२/०८३ को आय विवरण तथा सो बमोजिमको कर दाखिला गरी संवत् २०८३ साल पुस मसान्तभित्र सम्बन्धित कार्यालयमा निवेदन दिएमा सो भन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण दाखिला गर्नुपर्ने छैन भन्ने व्यवस्था गरेको छ।

सामुदायिक वन उपभोक्ता समूहको लेखापरीक्षण गर्ने र समूह मार्फत वन व्यवस्थापन, वन उद्यम एवं पर्यापर्यटन लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने गरी सरकारी निकायबाट प्राप्त हुने अनुदान एवं अन्य सहयोग रकम उपभोक्ता समूहको कोषमा प्राप्त गर्न र खर्च गर्नका लागि सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले स्थायी लेखा नम्बर लिएको हुनुपर्नेमा यस रसुवा जिल्ला अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहले स्थायी लेखा नम्बर लिएको नदेखिएकोले लिन बाँकी रहेका सबै सामुदायिक वन उपभोक्ता समूहहरुले आर्थिक ऐन, २०८३ को दफा ४० बमोजिम छुट अवधीमा नै स्थायी लेखा नम्बर लिनु हुन अनुरोध छ। साथै उक्त कार्यमा सहजीकरणको लागि सम्बन्धित सव-डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ तथा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

शम्भु तामाङ
डिभिजनल वन अधिकृत

☎ ०१०-५४०१०७

इमेल:rasdfo2076@gmail.com; rasdfo.mofe@bagamati.gov.np; वेवसाइट: https://www.dforasuwa.gov.np/